दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं, -सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं। सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक २३४ | बुटवल | २०८३ भदौ २१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday September 06, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

समयमै उद्धार भएको भए धेरै जनाको ज्यान जोगिने रहेछ : प्रचण्ड

बुटवल । नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दशौं दिनसम्म पनि सुरुङबाट सकुशल उद्धार हुनुले समयमै उद्धार गर्नसकेको भए धेरै जनाको ज्यान जोगिने देखिएको टिप्पणी गरेका छन् । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै संयोजक प्रचण्डले यस्तो बताएका हुन् ।

'हामी सबैका लागि एउटा विचित्रको परिस्थिति छ । शुक्रबार मात्रै १० दिनपछि टनेलमा रहेका दुई जना नेपालीको सकुशल उद्धार हुनु हामी सबैको निम्ति एकातिर सन्तोषको विषय भएको छ, अर्कोतिर समयमै उद्धार भएको भए अझ धेरैको ज्यान बच्ने रहेछ भन्ने पनि यसले पुष्टी गरेको छ,' प्रचण्डले भने-'आउने दिनमा मुख्यतः सरकार अझ बढी जिम्मेवार हुनुपर्ने देखाएको छ।'

प्राकृतिक विपद् तथा यस्ता आपदामा कर्मचारी र सुरक्षा निकायको झन् बढी सहयोग चाहिने उनले बताए । 'कर्मचारी भनेपछि स्थायी सरकारको रूपमा परिभाषित गरिन्छ, विश्वभरि नै । त्यसअर्थमा कर्मचारीहरूलाई अझ बढी प्रोत्साहित गर्नुपर्ने बेला हो यो ।'- संयोजक प्रचण्डले भने ।

यस्तो बेला कर्मचारीलाई अझ बढी जिम्मेवार र निष्ठाका साथ काममा लगाउने प्रोत्साहित गर्ने बेलामा देशमा त्यस्तो नभएको उनले टिप्पणी गरे ।

'आज देशमा त्यस्तो भइरहेको छैन । सबैतिर कताकता अन्योलको, अनिश्चयको भुमरीजस्तो अवस्था देखिन्छ,' उनले भने-'त्यसको प्रत्यक्ष असर कर्मचारीतन्त्रमा परेको छ ।' कर्मचारीलाई त्रसित र आतंकित बनाएर करबलले गराएको काम जति प्रभावकारी हुनुपर्ने हो नहुने प्रचण्डले बताए ।

'अहिले कताकता नेपाली राजनीति पनि, कर्मचारीतन्त्र पनि र सबै राज्यका निकाय अलि बढी अन्योलको अवस्था छ ।'- उनले भने ।

राष्ट्रको स्वाधीनता, अखण्डता र स्वतन्त्रताको रक्षा गर्न सबै केन्द्रित हुनुपर्ने उनले बताए । प्रचण्डले वर्तमान सरकारको कार्यशैलीप्रति टिप्पणी गर्दै सरकारका राम्रा काममा सहयोग र समर्थन रहने भएपनि नराम्रा कामको विरोध र आलोचना गर्ने आफ्नो स्पष्ट नीति रहेको बताए ।

पछिल्लो राजनीतिक परिस्थितिको विश्लेषण गर्दै पूर्वप्रधानमन्त्री प्रचण्डले राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिक समाजलाई राष्ट्र तथा जनताप्रति थप गम्भीर र जिम्मेवार हुन आग्रह गरे ।

'अहिले कता-कता नेपाली राजनीति पनि, नेपाली कर्मचारीतन्त्र पनि र सबै राज्यका निकायहरू अलि बढी अन्योलमा भएको देखिन्छ । सुरुदेखि हामीले भनेका छौँ, राम्रो गर्नुस् सहयोग हुन्छ, समर्थन हुन्छ । नराम्रो गर्दा आलोचना हुन्छ, टिप्पणी हुन्छ, विरोध हुन्छ । हरेक क्षेत्रमा हामीले त्यही भन्दै आएका छौँ, अहिले पनि हाम्रो त्यही भनाइ रहिआएको छ । तर सरकारको लक्षण राम्रो देखिएको छैन ।'- प्रचण्डले भने ।

देशको स्वतन्त्रता, स्वाधीनता र भौगोलिक अखण्डतालाई सर्वोपरी राख्नुपर्नेमा जोड दिँदै उनले लामो संघर्षबाट प्राप्त लोकतन्त्र र स्वतन्त्रताको रक्षाका लागि सबै पक्ष एकजुट हुनुपर्ने औँल्याए ।

'तर हामीले फेरि राजनीतिक नेतृत्वले, कर्मचारीहरूले, नागरिक समाजले, सबै समाजका सचेत नागरिकहरूले फेरि राष्ट्रकाप्रति, जनताकाप्रति, आफ्नो स्वतन्त्रता र स्वाधीनताप्रति अझ गम्भीर, अझ जिम्मेवार भएर काम गर्नुपर्ने आवश्यकता छ,' उनले भने-'सबभन्दा ठूलो कुरो राष्ट्र नै हो । हामी सबैले राष्ट्रको स्वाधीनता, देशको अखण्डता र हामीले लामो संघर्षबाट प्राप्त गरेको स्वतन्त्रता, लोकतन्त्र यसको रक्षामा केन्द्रित हुने आवश्यकता छ।'

भोटेकोसी बाढीमा सम्पर्कविहीनः

लुम्बिनी प्रदेशका २ सय ४५ जना को-को हुन् ?

सबैभन्दा धेरै बर्दियाका ७३ जना, दाङका ५४, रोल्पाका २५, बाँकेका २३, रूपन्देहीका १८, नवलपरासी पश्चिमका ९, पाल्पाका ९, प्यूठानका ९, अर्घाखाँचीका ८, गुल्मीका ७, कपिलवस्तुका ६ र रूकुम पूर्वका ४ जना सम्पर्कविहीन रहेको उल्लेख छ।

लुम्बिनी संवाददाता

बुटवल

भोटेकोसी नदीमा भदौ १० गते आएको भीषण बाढीमा परेका लुम्बिनी प्रदेशका २ सय ४५ जना नागरिक सम्पर्कविहीन रहेको प्रदेश सरकराले जनाएको छ। लुम्बिनी प्रदेशको आन्तरिक मामिला मन्त्रालयअन्तर्गतको विपद् महाशाखाले भदौ १९ गते साँझ ६ बजेसम्म संकलन गरेको विवरणअनुसार प्रदेशका १२ जिल्लाबाट रोजगारी, जलविद्युत आयोजना, सडक निर्माण तथा अन्य कामका सिलसिलामा बाढी प्रभावित जिल्लाहरुमा कार्यरत २ सय ४५ जना सम्पर्कविहीन रहेका छन् । मन्त्रालयले यो प्रारम्भिक विवरण भएकाले केही व्यक्ति पछि सम्पर्कमा आइसकेका तथा कतिपयको शव पहिचान भइसकेकाले केही संख्या फरक हुन सक्ने जनाएको छ।

महाशाखाको विवरणअनुसार सबैभन्दा धेरै बर्दियाका ७३ जना सम्पर्कविहीन छन् । त्यसपछि दाङका ५४, रोल्पाका २५, बाँकेका २३, रुपन्देहीका १८, नवलपरासी पश्चिमका ९, पाल्पाका ९, प्यूठानका ९, अर्घाखाँचीका ८, गुल्मीका ७, कपिलवस्तुका ६ र रुकुम पूर्वका ४ जना सम्पर्कविहीन रहेको उल्लेख छ।

नवलपरासी पश्चिम

नवलपरासी पश्चिमबाट सुजन श्रेष्ठ, सविना मिश्रा, सनी चौधरी, माधव चौधरी, सर्जु चौधरी, सन्दिप क्षेत्री, यादव भण्डारी, भीमबहादुर विक, प्रहरी सहायक हवल्दार हरेन्द्र यादव र शिव न्यौपानेको नाम सूचीमा छ।

रूपन्देही

रुपन्देहीबाट सम्पर्कविहीन सूचीमा निरज बाबु रेग्मी, अब्दुल खान, शिवनाथ थारू, प्रहरी जवान सन्दिप भर, अन्ष गिरी, अनुप पुन, महेश आचार्य, गणेश ज्ञवाली, जीवन चौधरी, लिलकुमार सुनार, जिवलाल अधिकारी, शिवप्रसाद चौधरी, बसन्त थारू, निराजन पंगेनी, धनबहादुर परियार, अस्विन अधिकारी, अस्मित अधिकारी र शिशिर विक रहेका छन्। उनीहरूमध्ये अधिकांश जलविद्युत् आयोजना तथा निर्माण क्षेत्रमा काम गर्न रसुवा पुगेका थिए। रुपन्देहीमा स्थानीय प्रशासनले सार्वजनिक गरेको विवरण भने प्रदेशको सूचीभन्दा अझै बढी रहेको छ।

बर्दिया

बर्दियाबाट सम्पर्कविहीनको सूचीमा अनिल थारू, गजल घर्ती, गरिमा घर्ती, टेकबहादुर चन्द, डिला घर्ती, मनबहादुर मेदासी, लक्ष्मी बुढा, शिवलाल बुढा, अमर थापा, तारा उपाध्याय, शिक्षा पौडेल, शिवान पौडेल, सोमनाथ पौडेल, आशिषकुमार थारू, दीपक चौधरी छन् । यस्तै दिपेन्द्र थारू, फुलमाया तामाङ, फुलराम थारू, बामदेव थारू, रमेश थारू, सन्तोषकुमार थारू, खड्कप्रसाद थारू, गोपाल दहित, प्रशुनारायण थारू, सन्तराम थारू, रमेशकुमार थारू, राधाकृष्ण थारू, करण चौधरी, खुमलाल खत्री, टुलबहादुर खत्री, विष्णु चौधरी, कृष्ण थारू, रोशन थारू, विनोद शाह पनि सम्पर्कविहीन छन्।

यस्तै सुजन थारू, विष्णु चौधरी, सम्झना चौधरी, दिनेशकुमार थारू, नरेन्द्र थारू, पञ्चराम थारू, पदम चौधरी, राजकुमार थारू, विकास थारू, सन्तोष न्यौपाने, खुसीराम थारू, जगत भोगरिया थारू, मनोजकुमार थारू, सर्वेश थारू, सुरेन्द्र थारू, अर्जुन चौधरी, शिशिर गिरी, शैलेन्द्रकुमार चौधरी, सन्तोष थारू, सिरिम थारू, सुवित थारू पनि सम्पर्कविहीनको सूचिमा छन् । यस्तै बर्दियाकै अर्विन चौधरी, राजदिप दहित, अमिष थारू, उदित दहित, प्रदिपकुमार थारू, राजु थारू, सिसान थारू, सुरेश थारू, खगेन्द्र जैसी, राजाराम थारू, कमलप्रसाद थारू, धनिराम थारू, विष्णुभण्डारी, हरि कुष्मी, हरिप्रसाद थारू, रमेशबहादुर सुनार, बबी थारू र बसन्त थारू पनि सम्पर्कविहीन रहेका छन् ।

कपिलवस्तु

कपिलवस्तुबाट नन्दबहादुर भाट, संगम बुढामगर, शिवलाल अधिकारी, प्रहरी जवान आशिष गडरिया, मणिकला राना र नेपाली सेनाका हुद्दा महेन्द्र चौधरी सम्पर्कविहीन रहेको महाशाखाको विवरणमा उल्लेख छ।

गुल्मी

गुल्मीबाट अनिता पुरी, यमबहादुर दर्लामी, दिनेश घिमिरे, गणेश ज्ञवाली, झनबहादुर गलामी, कपिलमणि ज्ञवाली, शिव न्यौपाने र चिरञ्जीवी ढकालको नाम सूचीमा छ। तर चिरञ्जीवी ढकाल भने भदौ १८ गते सम्पर्कमा आएको विवरणमा उल्लेख गरिएको छ।

पाल्पा

पाल्पाबाट आनबहादुर कुमाल, विकास नेपाल, रमेश थापा, निलम कार्की, किशोर क्षेत्री, कृष्णबहादुर बस्याल, रामु सुती, अमृत सुती, तिलक राना र प्रहरी हवल्दार दिपेन्द्र विष्टको नाम रहेको छ। बोमबहादुर सोमै भने सम्पर्कमा आएको तथा दिपेन्द्र विष्टको शव सनाखत भई भदौ १३ गते आफन्तले बुझेर अन्त्येष्टी गरेको विवरणमा उल्लेख छ।

अर्घाखाँची

अर्घाखाँचीबाट प्रशान्त रेश्मी, सुमित मल्ल ठकुरी, नारायण पन्थी, मनिकला राना, सुबोध बेल्बासे, तारा राना, लुकबहादुर क्षेत्री, कृष्णबहादुर श्रेष्ठ र नारायणबहादुर थापा कब्दार सम्पर्कविहीन सूचीमा छन् । तीमध्ये नारायणबहादुर थापा कब्दारको शव पहिचान भई आफन्तले पोखराबाट बुझेर लगेको उल्लेख छ।

प्यूठान

प्यूठानबाट पिताम्बर श्रेष्ठ, सूर्यबहादुर केसी, सन्तोष पौडेल, राजेन्द्र महतरा, डोमबहादुर ठेडी मगर, किसान सोमै मगर, प्रकाश जिसी, बोमबहादुर पुन, कृष्णा बुढामगर र प्रताप एमसीको नाम सूचीमा छ। प्रताप एमसी भने पछि सम्पर्कमा आएको विवरणमा उल्लेख छ।

रूकुम पूर्व

रुकुम पूर्वबाट जनककुमार पुन, मनराज घर्तीमगर, यगमाया केसी र मिलन श्रेष्ठ सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ।

दाङ

दाङबाट सम्पर्कविहीन भएकामा कोपिला केसी, खम्बु बोहोरा, शिवशंकर जोशी, प्रमिला बुढाथोकी, शोभाराम योगी, लालबहादुर रोका, गोपिलाल रोका, नारायण अधिकारी, पूर्णबहादुर बस्नेत, सूर्यबहादुर केसी, गोपाल परियार, विकास परियार छन् ।

यस्तै सुधन गिरी, सीमा चौधरी, बजारु चौधरी, प्रेम विक, राजेन्द्र महत, रञ्जित ओली, देवबहादुर गाहा मगर, जयमान विश्वकर्मा, सुरेश चौधरी, लालबहादुर सुनार, गोपाल पुन मगर, मिलन श्रेष्ठ, नारायणी पराजुली, टेकबहादुर राना, प्रेम महतरा, बादल महतरा, अरुण चौधरी, शरदकुमार चौधरी, शम्भुजित चौधरी पनि सम्पर्कविहीन रहेका छन् ।

» *बाँकी ३ पेजमा*

अंग्रेजलाई जितेको सम्झनामा पाल्पामा भगवती रथजात्रा

कृष्ण पोखरेल

पाल्पा

नेपालले अंग्रेज सेनालाई युद्धमा पराजित गरी विजय हासिल गरेको सम्झनामा पाल्पामा शनिबार २०७औं विजय उत्सव स्वरुप भगवती रथयात्रा निकालिएको छ । पाल्पाका तैनाथवाला तत्कालिन कर्णेल उजिर सिंह थापाले वि. सं १८७१ देखी १८७२ सम्म अग्रेज संगको युद्धमा बुटवलको जितगढी क्षेत्रमा बिजय हासिल गरेको सम्झनामा वि.स. १८७७ देखी कृष्ण जन्माष्टमीको भोली भाद्र कृष्ण नवमीको दिन पाल्पामा निरन्तर रुपमा विजयउत्सव मनाउने परम्परा चल्दै आएको छ।

कर्णेल उजिरसिंह थापाले अंग्रेजसँग बुटवल क्षेत्रको युद्धमा जानुअघि देवी भगवतीको पाउँ छोएर युद्धमा विजयी भएमा मन्दिर बनाई सिन्दुरजात्रा गर्ने र भगवतिको महिमा चारैतर्फ फैलाउने छु भनी भाकल गरेका थिए। २ पटकसम्म बुटवल जितगढी क्षेत्रमा भएको युद्धमा अंग्रेज सेनामाथि विजयी भएपछि कर्णेल उजिरसिंह थापाले वि.स. १८७२ देखि ७६ सम्म ठुलो गजुरसहितको ३ तले मन्दिर निर्माण गरेका थिए।

भगवतीको मन्दिर निर्माण कार्य पूरा भएपछि वि.स. १९७७ सालदेखि विजयउत्सवको रुपमा प्रत्येक वर्ष भाद्र कृष्ण पक्षको नवमीको दिन भगवतिको रथजात्रा सञ्चालन हुँदै आएको छ। अंग्रेजलाई युद्धमा हराएको विजयजात्राको रुपमा सञ्चालन हुँदै आएको मन्दिरको नामसमेत रणउजिरेश्वरीबाट चर्चित रहँदै आएको छ। विजयउत्सवलाई भव्य रुपमा मनाउन लुम्बिनी प्रदेश सरकारले भगवती जात्राको दिन पाल्पा जिल्लामा सार्वजनिक बिदा दिँदै आएको छ।

विजयउत्वसको भगवती रथजात्रालाई शनिबार दिउँसो १२ : ४० बजेको शुभसाइतमा उठाइएको छ । भगवतिको रथलाई नेपाली सेनाले सलामी दिएपछि ३ पटक मन्दिरको परिक्रमा गराएको भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोक महर्जनले बताए ।

मन्दिर परिक्रमापछि पाल्पामा रहेको नेपाली सेनाका गणपतीले पूजाआजासहित बली दिने र नेपाल सरकारको तर्फबाट प्रमुख जिल्ला अधिकारीले पाल्पा दरबार परिसरमा विशेष पूजासहित बली दिएका छन्।

युद्धमा नेपाली सेनाले बहादुरीका साथ लडेर अंग्रेजलाई पराजित गरेकोले पाल्पाली जनताले हर्षोल्लासका साथ भगवति रथयात्रा गर्दै आएका छन् । भगवती रथजात्रा नेपालीको राष्ट्रियतासँग जोडिएको, नागरिकको भावनासँग गाँसिएको, नेपाली सेनाको सान, वीरताको प्रतिकका रुपमा स्थापित भएकोले केन्द्र सरकारले नै राष्ट्रिय विजयउत्सवको रुपमा मनाउनु पर्ने माग पाल्पाली जनताको रहेको संस्कृतिविद निर्मल श्रेष्ठले बताए।

» *बाँकी ३ पेजमा*

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

सम्पादकीय

मूल्यवृद्धिको मारमा उपभोक्ता

भोटेकोसी बाढीले ल्याएको विपत व्यवस्थापनमा सरकार र अरु निकायको ध्यान गएको बेला बजारमा दैनिक उपभोग्य वस्तुको मुल्यवृद्धि भएको छ । चामल, दालदेखि खाना पकाउने ग्यासको मूल्यवृद्धिले उपभोक्ता मारमा परेका छन् । बजारमा व्यापारीको मनपरी बढेको छ ।

खाना पकाउने ग्यासको मूल्यवृद्धि केही दिनयता सय रुपैयाँ बढेको छ । नपाउनुभन्दा बरु बढेकै तिर्ने भन्ने हालतमा उपभोक्ता पुगेका छन् । चामल मसिना क्वीन्टलमै १ हजार ६ सय सम्म बढेको छ । सबैखाले दालको मूल्य पनि बढिरहेको छ । सरकारले मूल्य नियन्त्रणका लागि अनुगमनलगायतका काममा बेवास्ता गरेको छ । विपत्को बेला बजारमा अराजकता हुनसक्छ भन्ने हेक्का सरकारले गरेको पाइएन् । विपत्पछिको उद्धार र राहतको काम गर्ने निकाय छन्, उनीहरुको जिम्मेवारी छ । सबैको ध्यान त्यता जानुपर्दैन । मूल्य नियन्त्रण गर्ने सरकारी कार्यालयले जिम्मेवारी पूरा गरे मात्रै धेरै हुनसक्छ । जिम्मेवारी पूरा नगर्ने सरकारी कार्यालय र कर्मचारीलाई कारबाहीको दायरामा ल्याउँदा बजारमा मौलाएको अराजकता र कालोबजारी रोकिनसक्छ ।

बजारमा दैनिकउपभोग्य वस्तुको अस्वभाविक मूल्यवृद्धि मात्रै होइन, मिसावट पनि भइरहेको छ । दाल र चामलमा भइरहेको मिसावटले उपभोक्ता ठगिइरहेका छन् । राज्यले वस्तुको तौल, गुणस्तर र मूल्य निगरानी गर्न विभिन्न कार्यालय खडा गरेको छ । तौल निगरानी गर्न गुणस्तर तथा नापतौल कार्यालय छ । खाद्यवस्तुको गुणस्तर जाँच गर्न खाद्य गुणस्तर कार्यालय छ । मूल्य निगरानी गर्न पालिका र वाणिज्य कार्यालयले पहलकदमी लिनसक्छन् । यी निकायले काम गरेका छन् वा छैनन् भन्ने हेर्ने काम प्रमुख जिल्ला अधिकारीको हो । ती कार्यालयको काम चुस्त छैन । शहरी क्षेत्रमा केही मिडियाकर्मी बोकेर औपचारिक ढंगले अनुगमन गर्ने, त्यो अनुगमन चाडबाडका बेला गर्ने गरिन्छ । जब बजारमा नियमित अनुगमन नगर्दा व्यापारीले मनपरी गरिरहेका छन् । बजारमा बढ्दो बेथितिको मारमा उपभोक्ता पर्दा तहगत सरकारले कार्ययोजना बनाएर काम गर्न ढिलाइ भइरहेको छ । पालिकाहरुको काम वर्षमा दुई चारपल्ट अनुगमन गर्ने भएको छ । केही बजेट छुट्टाउने त्यही बजेटबाट अनुगमनको भत्ता लिने र प्रतिवेदन तयार गर्नु मात्रै नागरिकप्रतिको जिम्मेवारी हो ? भत्ता विना पालिकाभित्र अनुगमन गर्न सम्भव छैन ? कतिपय पालिकाले गर्ने अनुगमन पारदर्शी छैनन् । अनुगमन गर्दा सम्बन्धित क्षेत्रको विज्ञ र जानकारलाई सँगै लिएर अघि बढ्नुपर्छ ।

उपभोक्तालाई सर्वसुलभ र गुणस्तरीय सामान उपलब्ध गराउन तहगत सरकारबिच समन्वय गरी बजारलाई निगरानी गर्न सकिन्छ । बजार सीमित व्यापारीको मनोमानीमा छाडिदिने र सरकारी निकाय बेखबर हुने प्रवृत्ति मौलाउँदै जाने हो भने नागरिकले सरकारलाई प्रश्न गरिरहनेछन् । नागरिकलाई सरकारप्रति अपनत्व गराउन बजारलाई निगरानी र नियन्त्रण गर्ने काम सरकारको हो ।

स्थानीय तहको विपत् अभ्यास

कृष्णहरि बाँस्कोटा

नेपालमा भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, हिमपहिरो जस्ता विपत्ले समय समयमा ठुलो जनधनको क्षति पुऱ्याउँदै आएको छ । पछिल्लो समय जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरण, वातावरणीय क्षयीकरण, जोखिमयुक्त भूउपयोग तथा पूर्वाधार विकासका कारण विपत्को जोखिम र प्रभाव थप जटिल बन्दै छ । सडक दुर्घटना, वन्यजन्तुको आक्रमण, सर्पदंश जस्ता विपत् थपिएका छन् । विपत् आउनुअघि जोखिम न्यूनीकरण र पूर्वतयारी गर्ने तथा विपत्को समयमा शीघ्र प्रभावकारी र समन्वयात्मक तरिकाले प्रतिकार्यका काम गर्न सक्ने संस्थागत क्षमता विकास गरी तयारी रहनु आवश्यक छ ।

वर्षाको समयमा बाढी, पहिरो, अतिवृष्टि, ढल निकास अवरोधलगायतका अनेकौँ समस्या हुने गर्छ । केही दिनअघि काठमाडौँ उपत्यकाभित्रका सबै पालिकाका जनप्रतिनिधि र कर्मचारी, स्थानीय प्रशासन, सेना, प्रहरीलगायत विपत् व्यवस्थापनसँग सम्बन्धित विज्ञलाई एकै ठाउँमा भेला गराइयो । यसको उद्देश्य विपत् व्यवस्थापनमा स्थानीय सरकारले भोगेका समस्या र असल अभ्यासको आदानप्रदान तथा विज्ञको रायसुझाव हासिल गर्नु थियो । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेसको सहकार्यमा सिंहदरबारमा आयोजित यस कार्यक्रमले मुलुकका सबै ७५३ वटा स्थानीय सरकारलाई यससम्बन्धी काम गर्न सहयोग पुग्नेछ । नेपालको संविधानको अनुसूची-८ मा विपत् व्यवस्थापनलाई स्थानीय सरकारको एकल अधिकारमा समावेश गरिएको छ । यस अतिरिक्त संविधानको अनुसूची-७ र ९ मा यसलाई तिनै तहको सरकारको अधिकार सूचीमा पनि समावेश गरिएको छ ।

काम औसतभन्दा माथि पालिकाले विपत् व्यवस्थापन नीति तर्जुमा गरी लागु गरे नगरेको, प्रतिकार्य योजना, पूर्वसूचना प्रणालीसम्बन्धी वार्षिक कार्ययोजना निर्माण गरी लागु गरे नगरेको र जोखिम क्षेत्रको पहिचान र यससम्बन्धी नक्साङ्कन गरे नगरेको भन्ने सम्बन्धमा मिश्रित अवस्था छ । काठमाडौँमा बर्सातको समयमा सडकमा पानी जम्ने, सधैँ ढलको निकास बन्द हुने र बागमतीका १३ वटा बहिनी नदीको प्राकृतिक बहावलाई रोक्न खोज्दा बाढीले जनधनको क्षति गर्ने गरेको छ । जथाभाबी प्लटिङका कारण ढिस्को खस्ने, हिलोचिप्लो हुने, प्राकृतिक स्वरूपमा कुरूपता पैदा हुने गरेको छ ।

पालिकाभित्र क्रियाशील सङ्घ संस्था र व्यक्तिको सूचीकरण गरे नगरेको, विपत्सम्बन्धी तथ्याङ्क अद्यावधिक भए नभएको, विपत् व्यवस्थापनका लागि बजेट र कोष व्यवस्था गरे नगरेको भन्ने सूचकाङ्कमा नतिजा निराशाजनक छ । प्रायः सबै पालिकाको अवस्था विश्लेषण गर्दा विपत् व्यवस्थापन गर्न स्रोतसाधनको सख्त अभाव देखियो । सबै पालिकाले आपत्कालीन कार्यसञ्चालन केन्द्र खडा गर्नुपर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्वयंसेवक परिचालन गर्नुपर्ने सूचकमा भने उत्साहपूर्ण अवस्था देखियो । आपत्कालीन नमूना अभ्यास गर्ने, वारुणयन्त्रलगायतका उपकरण र खोज तथा राहत सामग्रीको भण्डारण गर्ने जिम्मेवारीमा पालिकाको अवस्था सन्तोषजनक पाइएन । समष्टिमा पालिकाले सम्पादन गरेका विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका काम औसतभन्दा माथि नै मापन गरियो ।

काठमाडौँ महानगरपालिकामा राणाकालीन ढलको नक्सा उपलब्ध नहुँदा समस्या बल्झिरहेको छ । आगामी दिनमा स्वर्णिम योजनाअन्तर्गत विपत् जोखिमलाई न्यूनीकरण गर्न व्यवस्थापनमा यस पालिकाले फड्को मारिरहेको छ । ललितपुर महानगरपालिकाले विपत् व्यवस्थापमा एकद्वार नीति लागु गरेको छ । यसको ११३० नम्बरको ‘हेल्पलाइन’ सञ्चालनमा छ । पालिकाभित्रका ९० ठाउँमा ‘फायर अलर्ट सिस्टम’ जडान छन् । यहाँ अर्ली वार्निङ सिस्टम जडान गर्नुका साथै डुबानको समयमा प्रयोग गर्न बोट खरिद गरिएको छ । यस पालिकाका सबै वडामा विपत् व्यवस्थापन कोष खडा गरिएको छ ।

उपत्यकाभित्रका अन्य नगरपालिकाले विपत् व्यवस्थापनमा अनेकौँ चुनौती सामना गर्दै छन् । यिनीहरूले अन्य पालिकाका लागि अनुसरणयोग्य असल अभ्यास पनि गरेका छन् । भक्तपुरमा खेतीयोग्य जग्गाको कटान मुख्य समस्याका रूपमा देखियो । यस पालिकाभित्रको राजमार्गमा हुरीबतासले रुख ढल्दा बाटो अवरुद्ध हुने गरेको छ । यस्तो अवस्थामा पालिकासँग हेभी इक्विपमेन्ट नहुँदा तत्कालै सडक खुलाउन सकिएको छैन । तथापि पालिकाका सबै वडामा समेत विपत् व्यवस्थापन समिति गठन भएका छन् । यस पालिकाले विपत् व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छ । साथै खोलाको बाढी नियन्त्रण, आगलागी नियन्त्रणलगायतमा यो पालिका अग्रस्थानमा छ । कीर्तिपुरले स्कुलमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । पानीको वैकल्पिक ट्याङ्की निर्माण गरेको छ । साथै पहिरो, आगलागी र बाढी नियन्त्रणमा यस पालिकाले विशेष काम गरेको पाइएको छ ।

चन्द्रागिरि नगरपालिकाको नागढुङ्गा क्षेत्रमा पहिरोको जोखिम छ । सडकमा तानिएका तारहरूको व्यवस्थापन एउटा चुनौती बनेको छ । यस पालिकाले स्थानीय विपत् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८२ निर्माण गरेको छ । यो अन्य पालिकाका लागि अनुसरणयोग्य छ । यस पालिकाले बर्सेनि खोलाको बाढीबाट हुने क्षति रोक्न खोला सरसफाइ गरेको छ । महालक्ष्मी नगरपालिकाले कर्मनाशा खोलामा पूर्वसूचना प्रणाली जडान गरेको छ । यस पालिकाको ग्वार्को-लाँकुरीभन्ज्याङ सडक समस्याग्रस्त छ । यसमा जथाभाबी प्लटिङका कारण समस्याग्रस्त एवं जोखिमयुक्त जग्गामा घर निर्माण भइरहेको देखिन्छ । यसबाट जग्गाको प्लटिङ गर्ने कार्यमा पालिकाले कडाइ गर्न जरुरी भएको महसुस हुन्छ । तथापि यस पालिकासँग विपत्मा राहत दिने भण्डारको व्यवस्था छ ।

शंखरापुर नगरपालिकामा विपत् व्यवस्थापनका लागि दक्ष जनशक्ति र उपकरणको अभाव छ । यस पालिकाभित्र भोटेचौर-चौकीभन्ज्याङ सडकमा ठुलो पहिरो छ । यसको रोकथाम नगरपालिकाको एक्लो प्रयासबाट सम्भव छैन । पालिकाले बाढी, पहिरो, आगलागी, हावाहुरी जस्ता विपत्तिसँग जुध्न पालिकास्तरमा र वडास्तरमा समिति गठन गरी विपत् व्यवस्थापन कोष खडा गरेको छ । चाँगुनारायण नगरपालिकाले पनि विपत् व्यवस्थापनका लागि स्रोतसाधन अपर्याप्त रहेको जनाएको छ । पालिकाले स्वयंसेवक परिचालन गरेको, नियमित बुलेटिन प्रकाशन गरेको र विपत् पोर्टल सञ्चालनमा ल्याएकाले अन्य पालिकाका लागि अनुकरणीय छ । मध्यपुर थिमी नगरपालिकामा भूकम्प, बाढी, पहिरो, आगलागी र सडक दुर्घटना प्रमुख विपत्का रूपमा छन् । यस पालिकाले हरेक वर्ष वर्षाअगावै अरनिको राजमार्ग र हनुमन्ते खोलामा सरसफाइ अभियान सञ्चालन गर्छ ।

सूर्यविनायक नगरपालिकाको साँगाभन्ज्याङमा बाटो विस्तारका क्रममा केही समस्या छ । यहाँ कटान क्षेत्र धेरै छ र विपत् कोषमा पाँच करोड रुपियाँ छुट्ट्याइएको छ । यस पालिकामा हरेक वडामा दुई दुई वटा स्कुललाई आपत्कालीन सेल्टरका रूपमा विकास गरिएको छ । यो अन्य पालिकाका लागि अनुसरणयोग्य छ र विपत् व्यवस्थापनका तालिम सञ्चालन गरिएको छ । फोहोर व्यवस्थापन र ‘जिङ्गल’ का माध्यमबाट जनचेतना फैलाउन पालिका अग्रसर छ । गोकर्णेश्वर नगरपालिकाले बागमती नदीमा बाढीको मात्रा बढी हुँदा मोबाइलमा वार्निङ आउने एप सञ्चालनमा ल्याएको छ । पालिकाभित्र बर्सातमा ठाउँ-ठाउँमा पानी निकासको समस्या छ । यस पालिकाले विपत् कोषमा दुई करोड रुपियाँ छुट्ट्याएको छ । पालिकाले ग्रिन आर्मी समूह गठन गरी नियमित तालिम दिइरहेको छ । यसले स्कुल र गैसससँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ; जुन अन्य पालिकाका लागि अनुसरणयोग्य छ ।

कागेश्वरी मनोहरामा मूलतः मनोहराखोलाको कटान समस्याले बाढीको जोखिम बढाएको छ । पालिकामा ढल व्यवस्थापन र डुबान नै प्रमुख समस्या हो । पालिकाले सबै वडामा विपत् व्यवस्थापन टिम खडा गरेको छ । यस पालिकाले पहिरो नियन्त्रण, डुबान व्यवस्थापनमा विशेष भूमिका निर्वाह गर्दै आएको छ । वास्तवमा बस्तीमा खोलो पसेको होइन, खोलोमा बस्ती बसेकाले विनाश र विपत्तिको सामना गर्नु परेको हो । यो कटुसत्यलाई तिनै तहको सरकार र आमजनताले आत्मसात् गर्न ढिला गर्नु हुँदैन ।

ललितपुर जिल्लाको महाङ्काल गाउँपालिकामा विगतको बाढीले धेरै नै क्षति पुऱ्याएको छ । यसको अझै पुनर्निर्माण हुन सकेको छैन । बर्सातमा सडक अवरुद्ध हुनु यस पालिकाको प्रमुख समस्या हो । यस पालिकाको सीमित स्रोत र साधनले मात्र अवरुद्ध सडक सञ्चालन गर्न सम्भव देखिन्न । कोन्ज्योसोम गाउँपालिकाले पनि सडकमा पहिरो जाने र बाढीको विपत्तिको समस्या बेहोरिरहेको छ । यस पालिकाले भोगिरहेको विपत् पनि पालिकाको बजेट र स्रोतले मात्र व्यवस्थापन गर्न असम्भवप्रायः छ । बागमती गाउँपालिकामा पनि वर्षायाममा सडक अवरुद्ध हुने गरेको छ । यस पालिकामा चट्याङ पर्ने, बिजुली अवरुद्ध हुने तथा हिउँदमा डढेलो लाग्ने प्रमुख समस्या छ । यी सबै प्रकारका विपत्सँग सामना गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबिच घनीभूत सहकार्य हुनुको विकल्प देखिन्न ।

गोपबाट

जलवायु संकटको ‘रेड अलर्ट’ र जनस्वास्थ्यमा महामारीको ठूलो जोखिम

सत्यराज उपाध्याय

अगस्ट २६ मा भोटेकोसी नदीमा आएको विनाशकारी बाढी कुनै सामान्य मौसमी दुर्घटना मात्र नभएर नेपालमा जलवायु परिवर्तनले निम्त्याइरहेको गम्भीर संकटको पछिल्लो कडा चुनौती हो । हिमालमा बढ्दो तापक्रमका कारण हिमनदी पग्लिने र हिमताल फुट्ने क्रम बढ्दा विपद्को स्वरूप अस्वाभाविक रूपमा फेरिएको छ भने विस्थापित समुदायमा जनस्वास्थ्य र खाद्य असुरक्षाको उच्च जोखिम देखिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए) को पछिल्लो २० वर्षको तथ्यांकअनुसार नेपालमा विपद्का घटनाको आवृत्ति र तीव्रता अनपेक्षित रूपमा बढेको छ। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आईपीसीसी) का तथ्यहरूले हिमालय क्षेत्रको तापक्रम वृद्धिदर विश्वव्यापी औसतभन्दा उच्च रहेको देखाएका छन् ।

यसको प्रत्यक्ष प्रभावस्वरूप हिमनदी पग्लिएर बन्ने हिमतालहरूको आकार अनियन्त्रित रूपमा बढिरहेको छ । इसिमोडको अध्ययनअनुसार नेपाल, तिब्बत र भारतका हिमालय क्षेत्रमा बनेका हजारौँ हिमतालमध्ये ४७ वटा (नेपालभित्र २१ र तिब्बतमा २६) जुनसुकै बेला फुट्न सक्ने ‘अति जोखिमपूर्ण’ सूचीमा छन्। भोटेकोशीजस्ता सीमापार नदीहरू तिब्बतबाट उत्पत्ति हुने भएकाले पनि नेपाल सधैँ हिमताल विस्फोटको उच्च जोखिममा रहेको उपलब्ध विवरणहरूले देखाउँछन् । सन् २०२१ मा मेलम्चीमा आएको अकल्पनीय बाढी र २०२३ मा मुस्ताङको कागबेनीमा गएको बाढीले कम वर्षा हुने ‘वृष्टि छायाँ’ क्षेत्रमा समेत जलवायुजन्य विपद् प्रवेश गरिसकेको पुष्टि गरेका छन् । जल तथा मौसम विज्ञान विभागको तथ्यांकअनुसार थोरै समयमा धेरै पानी पर्ने (चरम वर्षा) प्रवृत्ति बढेको छ, जसले एकातिर बाढीपहिरोको जोखिम बढाएको छ भने अर्कोतिर हिउँदमा लामो खडेरीको समस्या पनि थपेको छ ।

समुदायमा जनस्वास्थ्य र खाद्य सुरक्षाको गम्भीर प्रभाव

बाढी र पहिरोपछि भौतिक संरचना मात्र भत्किएका छैनन्, यसले जनस्वास्थ्यमा गम्भीर संकटसमेत निम्त्याएको छ । भोटेकोशी विपद्पछि खानेपानीका मुहान र पाइपलाइन ध्वस्त हुँदा प्रभावित क्षेत्रमा झाडापखाला, हैजा र हेपाटाइटिसजस्ता पानीजन्य महामारी फैलिने जोखिम उच्च रहने देखिन्छ ।

यस जोखिमलाई सम्बोधन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र सम्बन्धित निकायहरूले विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को मापदण्डअनुसार आपत्कालीन स्वास्थ्य प्रतिकार्य अघि बढाउनपर्ने र यसको निरन्तरताका साथै गुणस्तरमा विषेश जोडदिन उतिकै जरुरी छ । विस्थापितहरूका लागि दैनिक प्रतिव्यक्ति १५ देखि २० लिटर सुरक्षित पानी, अस्थायी शौचालय निर्माण र क्लोरिन परीक्षणजस्ता ‘वास’ मापदण्ड लागू गर्नमा विषेश जोड दिनपर्छ। त्यसैगरी, सम्भावित महामारी पहिचान गर्न द्रुत प्रतिकार्य टोली (आरआरटी) परिचालन र दैनिक रोग निगरानी प्रणाली सुरुसँगै नागरिक समाज संगठनहरुको सहयोग र समोन्वय पनि उतिकै जरुरी छ ।

विगत देखी हालको समय लाई हेर्दा जलवायु संकटले रोगको भौगोलिक विस्तारसमेत गरेको छ । डब्लूएचओका अनुसार तापक्रम वृद्धिसँगै पहिले नदेखिने मनाङ, मुस्ताङ र हुम्लाजस्ता उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा समेत डेंगु र मलेरियाजस्ता लामखुट्टेजन्य रोगहरू फैलिन थालेका छन् । विपद्का कारण घरबारविहीन, गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरूले गम्भीर मनोसामाजिक आघात भोगिरहेका छन्, जसका लागि मनोवैज्ञानिक प्राथमिक उपचार र सुरक्षित स्थानहरूको व्यवस्थापनमा जोड दिनप्रने हालको अत्यावश्यक हो ।

यो विपदको जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश स्वास्थ्य निर्देशनालय र स्थानीय स्वास्थ्य संस्थाहरुले विश्व स्वास्थ्य संगठनको आपत्कालीन स्वास्थ्य निर्देशिका अनुसार बहुआयामिक स्वास्थ्य प्रतिकार्य अघि बढाउन अति आवस्यक छ। ती आवस्यक मापदण्डहरु निम्न अनुसार छन्;

१. सुरक्षित पानी, सरसफाइ र स्वच्छता

बाढीले पाइपलाइन र परम्परागत मुहानहरू ध्वस्त बनाएको अवस्थामा पानीजन्य महामारी (झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस) रोक्न डब्लूएचओको ‘वास’ प्रोटोकल कार्यान्वयन गर्नु पर्छः

- प्रतिव्यक्ति पानीको न्यूनतम मापदण्डः आपत्कालीन मापदण्डअनुसार विस्थापित व्यक्तिहरूका लागि प्रतिव्यक्ति दैनिक कम्तीमा १५ देखि २० लिटर सुरक्षित पानीको आपूर्ति ट्यांकर, पानी शुद्धीकरण र सुरक्षित जारमार्फत सुनिश्चित गर्नु पर्छ ।
- पानी शुद्धीकरण र अवशिष्ट क्लोरिन परीक्षणः स्थानीय तहमा क्लोरिन ट्याब्लेट (पियुष, एक्वाट्याब) वितरण गर्नुका साथै वितरण गरिएको पानीमा कीटाणुनाशक क्षमता कायम रहे/नरहेको जाँच्न नियमित ‘फ्री रेसिडुअल क्लोरिन’ (ँच्ऋ) परीक्षण सुरु गर्नु पर्छ ।
- सुरक्षित अस्थायी शौचालयको व्यवस्थाः खुला दिसापिसाब पूर्ण रूपमा रोक्न पानीको मुहानभन्दा कम्तीमा ३० मिटर टाढा अस्थायी शौचालयहरू निर्माण गरिएको हुनुपर्छ । महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै, बत्तीको सुविधा भएको सुरक्षित संरचना बनाइएको हुनु पर्छ ।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः अस्थायी स्वास्थ्य शिविरहरूबाट निस्कने सिरिन्ज, ब्यान्डेज र औषधिका खोलजस्ता जोखिमपूर्ण फोहोरलाई सुरक्षित रूपमा संकलन र विसर्जन गर्ने व्यवस्था मिलाइएको हुनु पर्छ ।

२. रोग निगरानी तथा पूर्वचेतावनी प्रणाली

विपद्पछिको अवस्थामा कुनै पनि महामारीको सुरुवाती चरणमै पहिचान गरी नियन्त्रण गर्न सक्रिय निगरानी संयन्त्र परिचालन गर्नु पर्छः

- दैनिक सिन्ड्रोमिक सर्भिलेन्स : लक्षणका आधारमा सम्भावित प्रकोप पहिचान गर्न प्राथमिक स्वास्थ्य केन्द्र र घुम्ती टोलीहरूमा दैनिक रोग निगरानी फाराम लागू गर्नु पर्छ । यसअन्तर्गत झाडापखाला, रगतमासी, तीव्र श्वासप्रश्वास संक्रमण, अज्ञात ज्वरो र छालाका रोगहरूको तथ्यांक दैनिक रूपमा संकलन गर्नु पर्छ ।
- द्रुत प्रतिकार्य टोली : शंकास्पद हैजा वा अन्य संक्रामक रोगको लक्षण देखिनासाथ २४ घण्टाभित्र स्थलगत नमूना संकलन र प्रयोगशाला परीक्षणका लागि जिल्ला र पालिकास्तरीय आरआरटी टोलीलाई ’स्ट्यान्डबाइ’ राखिएको हुनु पर्छ ।
- कीटजन्य रोग रोकथाम : पानी जमेका खाल्डाखुल्डीमा लामखुट्टेको लार्भा नष्ट गर्ने र शिविरहरूमा कीटनाशक औषधि छर्कने तथा झुल वितरण गर्ने कार्य अघि बढाउनु पर्छ ।

३. आकस्मिक प्राथमिक उपचार र दीर्घरोगीको निरन्तर स्याहार :

स्थानीय स्वास्थ्य चौकीहरूमा बाढीले क्षति पुऱ्याएपछि दुर्गम र सम्पर्कविच्छेद भएका बस्तीहरूमा स्वास्थ्य सेवा पुऱ्याउन घुम्ती टोली परिचालन गर्नु पर्छः

आकस्मिक औषधि किट परिचालनः डब्लूएचओको ‘अन्तर्राष्ट्रिय आपत्कालीन स्वास्थ्य किट’ मार्फत आवश्यक एन्टिबायोटिक्स, जीवनजल, प्राथमिक उपचार सामग्री र अत्यावश्यक औषधिको आपूर्ति मिलाइएको हुनु पर्छ ।

- घाउको उपचार र टिटानस रोकथामः बाढी र भग्नावशेषमा परेर घाइते भएका नागरिकहरूलाई तत्काल घाउको ड्रेसिङ र संक्रमण रोक्न ‘टिटानस टक्सोइड’ खोप व्यवस्थापन अनिवार्य गरिएको हुनु पर्छ ।
- दीर्घरोगको औषधि निरन्तरताः विपदमा घरसँगै औषधि बगेका उच्च रक्तचाप, मधुमेह, मुटु, दम र मिर्गौलाका बिरामीहरूको पहिचान गरी उनीहरूलाई नियमित औषधि निःशुल्क उपलब्ध गर्नु पर्छ ।

४. प्रजनन्, मातृ तथा नवजात शिशु स्वास्थ्य

विपद्का बेला सबैभन्दा बढी जोखिममा पर्ने समूह महिला, गर्भवती र नवजात शिशुहरु हुन् । यसका लागि डब्लूएचओ र युएनएफपिएको ‘न्यूनतम प्रारम्भिक सेवा प्याकेज’ लागू गर्नु पर्छः

- आकस्मिक प्रसूति सेवा : शिविरमा रहेका गर्भवती महिलाहरूको तथ्य संकलन गरी सुत्केरी हुने समय नजिकिएकाहरूलाई सुरक्षित बर्थिङ सेन्टर वा अस्पतालसम्म पुऱ्याउन ‘रेफरल’ संयन्त्रको व्यवस्थापन मिलाएको हुनु पर्छ ।
- नवजात शिशु स्याहार : चिसोबाट जोगाउन न्यानो कपडा, आवश्यक खोप र आमाको दूधको निरन्तरताका लागि स्तनपानमैत्री सुरक्षित ठाउँको व्यवस्था गरिएको हुनु पर्छ ।
- मर्यादा किट र लैंगिक सुरक्षाः किशोरी तथा महिलाहरूका लागि सेनेटरी प्याड, साबुन, टर्चलाइट र भित्री वस्त्रसहितको मर्यादा किट वितरण गर्नु पर्छ भने शिविरहरूमा लैंगिक हिंसा हुन नदिन सुरक्षा अनुगमन कडाई गर्नु पर्छ।

५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक प्राथमिक उपचार

शारीरिक चोटपटकभन्दा विपद्ले मनमा पुऱ्याएको आघात निको हुन लामो समय लाग्छ । डब्लूएचओको ‘मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग’ कार्यढाँचाअनुसार निम्न कदम चाल्नु पर्दछन्ः

- मनोवैज्ञानिक प्राथमिक उपचार : आफ्ना आफन्त गुमाएका, घरबारविहीन भएका र चरम मानसिक आघातमा परेका नागरिकहरूलाई प्रशिक्षित मनोविमर्शकर्तामार्फत तत्काल भावनात्मक ढाडस र सुरक्षित वातावरण प्रदान गर्नु पर्छ ।
- बालबालिकामैत्री सुरक्षित स्थान : विपदको त्रास भुलाउन बालबालिकाका लागि खेलकुद, चित्रकला र अनौपचारिक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्छ ।
- जोखिमयुक्त केसको पहिचान र उपचारः गम्भीर मानसिक समस्या, डिप्रेसन वा आत्महत्याको जोखिम देखिएका व्यक्तिहरूलाई विशेषज्ञ मनोचिकित्सकसम्म पुऱ्याउने ‘रेफरल’ प्रणाली स्थापना गर्नु पर्छ ।

सन्धिखर्कमा खुल्यो सुजज मार्ट

अनिल नेपाली

अर्घाखाँची

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा न २ चुत्राबेशीमा सुजन मार्ट पसल शनिबारदेखि शुभारम्म गरिएको छ । विगत लामो समय देखि सन्धिखर्कमा व्यबसाय सञ्चालन गर्दै आएका भूमिकास्थान नगरपालिका संस्थापक नगर प्रमुख समेत रहेका रेशम थापा उनका सुपुत्र सुजन थापाले उक्त पसल सञ्चालनमा ल्याएका हुन् ।

मार्टबाट होलसेल (सुपथ) दररेटमा निम्न र मध्यम वर्गीय सर्वसाधारणलाई दैनिक उपभोग्य खाद्य सामाग्री र ग्रोसरी सामाग्री खुद्रामा उपलब्ध गराउने मार्टका सञ्चालक रेशम थापाले जानकारी दिए । थापाका अनुसार मार्टले अन्य पसल र मार्टमा भन्दा पनि सस्तोमा गुणस्तरीय सामाग्री उपलब्ध हुने र मार्टमा आएर उक्त अनुभव गर्न सकिने थापाले बताए ।

मार्टमा आउने ग्राहकलाई अन्य मार्टमाभन्दा सस्तोमा गुणस्तरीय सामाग्री उपलब्ध गराउने यसलाई निरन्तरता दिने सचालक सुजन थापाले बताए ।

यस्तै मार्टले ग्राहकको विश्वसनियतालाई पहिलो प्राथमिकता दिने मार्टका सञ्चालक थापाले बताउँदै मार्टमा दैनिक उपभोग्य समानहरू सुपथ मुल्यमा उपलब्ध गराउने थापाले जनाए ।

थापाले जिल्लामा विगत लामो समयदेखि सुजन सप्लायर्सबाट ग्राहकलाई गुणस्तरीय सर्वसुलभ सेवा प्रदान गर्दै व्यवसायिक क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल भएका छन् । पछिल्लो समय युवाहरू स्वदेशमा कुनै भविष्य नदेख्ने बैदेशिक यात्रामा दिन प्रतीदिन गइरहेको बेलामा थापाले आफ्ना सुपुत्रलाई करोडौंको लगानीमा उक्त पसल सञ्चालनमा ल्याइदिएका छन् ।

प्रलोभन देखाएर
रकम उठाएपछि व्यक्ति सम्पर्कविहीन

अर्घाखाँची । शीतगंगा नगरपालिका-९ का विभिन्न टोलका महिलालाई सीपमूलक तालिम दिने र तालिमपछि उत्पादित सामग्रीसमेत संस्थाले खरिद गरिदिने आश्वासन दिँदै रकम उठाएर एक व्यक्ति सम्पर्कविहीन भएका छन् ।

शीतगंगा नगरपालिका-९ का वडा अध्यक्ष भीमबहादुर खत्री क्षेत्रीका अनुसार आफूलाई भैरहवास्थित हेफ इन्टरनेसनल संस्थाको प्रतिनिधि बताउने सुमनजङ्ग बस्नेत नाम गरेका व्यक्तिले वडाका महिलालाई चप्पल, अचार तथा जुत्ता बनाउने तालिम सञ्चालन गर्ने प्रस्ताव गरेका थिए ।

बस्नेतले तालिमपछि सहभागी महिलाले उत्पादन गरेका सामग्रीसमेत संस्थाले खरिद गरिदिने आश्वासन दिएका थिए। त्यसपछि वडा अध्यक्ष क्षेत्रीले उनलाई वडा कार्यालयमा आउन भनेका थिए ।

वडा कार्यालयमा आएपछि बस्नेतले वडा नं. ९ अन्तर्गतका नयाँबस्ती, रागाकाटे, करमगैरा लगायतका टोलमा पुगेर स्थानीय महिलासँग भेटघाट गर्दै तालिमबारे जानकारी गराएका थिए ।

तालिममा सहभागी हुन परिचयपत्र आवश्यक पर्ने भन्दै प्रत्येक सहभागीबाट एक-एक प्रति फोटो र रु. १५० का दरले रकम उठाउन भनिएको थियो । उक्त रकम समूहका अगुवामार्फत संकलन गरिएको अध्यक्ष क्षेत्रीले बताए ।

भोलिपल्ट भालुबाङ बजार बन्द हुने कारण देखाउँदै रकम खातामार्फत् पठाउन भनिएको र बुटवलबाट परिचयपत्र बनाएर ल्याउने जानकारी दिइएको थियो ।

अध्यक्ष क्षेत्रीका अनुसार सावित्रा खत्रीमार्फत् रु. ४ हजार ६०, दीपक बोहोरामार्फत् रु. १० हजार तथा चोपकला खत्रीमार्फत् रु. ४ हजार २१० रकम उठाइएको थियो । जितबहादुर बराल नाम गरेका व्यक्तिको क्यूआरमार्फत रकम पठाउन लगाइएको बताइएको छ ।

तालिम सञ्चालनका लागि आवश्यक सामग्री लिएर आउने बताइए पनि त्यसपछि बस्नेत सम्पर्कविहीन भएको अध्यक्ष क्षेत्रीले जानकारी दिए । उनले प्रयोग गरेका भनिएका सम्पर्क नम्बरमा समेत अहिले सम्पर्क हुन नसकेको बताइएको छ । गाउँका सोझासिधा नागरिकलाई विभिन्न प्रलोभन देखाएर रकम उठाइएको भन्दै घटनामा संलग्न व्यक्तिमाथि कारबाही हुनुपर्ने वडा अध्यक्ष क्षेत्रीले माग गरेका छन् । उनले भदौ १५ गते इलाका प्रहरी कार्यालयमा जालसाजीसम्बन्धी मुद्दासमेत दर्ता गराएको जानकारी दिए । विकट बस्तीका नागरिकलाई विभिन्न बहानामा ठगी गर्ने प्रयास हुन सक्ने भन्दै अध्यक्ष क्षेत्रीले स्थानीयलाई सचेत रहन आग्रह गरेका छन् । साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न उनले माग गरेका छन् ।

लुम्बिनी ...

यस्तै प्रकाश विक, सर्वेस चौधरी, सिवानी चौधरी, अर्जुन घर्ती, दिपप्रकाश चौधरी, भगवानदिन चौधरी, सिर्जना थापा, रामबहादुर चौधरी, अनिल चौधरी, ज्ञानु पुन, डिल्ली सार्की, सुकदेव चौधरी, जनक शाह ठकुरी, दिपेन्द्र बुढामगर, बिमती खत्री, दिलबहादुर पुन, तुल्सीराम विक, जुगराम चौधरी, गीता बस्नेत, उमेश श्रेष्ठ, समिता श्रेष्ठ, नवीन चौधरी, सिजन चौधरी र लक्ष्मी बुढाथोकी रहेका छन् । दाङकै सम्पर्कविहीन सूचीमा रहेका ध्रुवबहादुर बुढामगर, तिलक चौधरी, रामकुमार चौधरी, गोपाल चौधरी र बुधिराम चौधरी र टेकबहादुर राना लगायत केही व्यक्ति पछि सम्पर्कमा आएको उल्लेख छ ।

रोल्पा

रोल्पाबाट सम्पर्कविहीन सूचीमा राजेन्द्र महत, संजय महत, बसन्त महरा, कुमार महरा, रविलाल भण्डारी, अनराम पुन, सोमबहादुर घर्ती मगर, आर्यन क्षेत्री, हरिबहादुर घर्ती मगर, जक्तबहादुर पुन, रमेश वली, लेखराज रोका, कुलप्रसाद बुढामगर, मिना घर्ती मगर, विपना बुढामगर, खुसी घर्ती, तिलुवाठा मगर, दिपा घर्ती, गौसरा पुन, सुनिल विश्वकर्मा, गोपाल पुन, हस्त बस्नेत, धुर्ब बस्नेत, ससिराम बस्नेत र गीता बस्नेत छन् । रोल्पाकै गजुल वली र नमरास रोका मगर भने भदौ ११ गते आफन्तको सम्पर्कमा आएको उल्लेख छ ।

बाँके

बाँकेबाट लकेस चौलागाई, ललिता वर्मा, इसिका वर्मा, धनकुमारी खत्री, अर्जुन खत्री, नानी चौलागाई, कृष्णप्रसाद चौधरी, सरु चौलागाई, प्रदिप चौलागाई, लालकेश चौलागाई, शान्ता विक, बलबिर कामी, श्याम जोशी, गणेश जोशी, ताराकुमार बुढामगर, सरिस केसी, अमिर खान, सन्तोष गिरी, सन्तोष कुमाल, राजकुमार थारू, विश्व थारू, नाल निर कामी र समिरा चौधरी सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ ।

२ सय १२ शवमध्ये ८ को मात्रै सनाखत

यसैबिच रसुवा बाढीपछि लुम्बिनी प्रदेशमा २ सय १२ शव भेटिएको विवरण सार्वजनिक भएको छ । तीमध्ये ८ वटा शवको मात्रै सनाखत भएको, १ सय ९९ शव व्यवस्थापन गरिएको र ५ वटा शव अस्पतालमा रहेको बताइएको छ ।

बाढीले बगाएर नारायणी नदी हुँदै गण्डक क्षेत्रमा पुगेका शवसमेत यस क्रममा भेटिएका छन् । गण्डक क्षेत्रबाट बगेका १८ वटा शव भारतमा समेत भेटिएको विवरण छ । तर हालसम्म लुम्बिनी प्रदेशमा भेटिएका शवमध्ये सम्पर्कविहीन सूचीमा रहेका नागरिकको शव भएको पुष्टि भने भएको छैन ।

रसुवा बाढीपछि लुम्बिनीबाट ठूलो संख्यामा नागरिक सम्पर्कविहीन भएको प्रारम्भिक विवरणले जलविद्युत् आयोजना र निर्माण क्षेत्रमा रोजगारीका लागि रसुवा पुगेका श्रमिक तथा कर्मचारी सबैभन्दा बढी जोखिममा परेको देखाएको छ ।

परिवारजनले आफ्ना आफन्तको अवस्था पत्ता लगाउन प्रहरी, जिल्ला प्रशासन तथा सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिरहेका छन् । प्रारम्भिक सूचीमा रहेका केही व्यक्ति सम्पर्कमा आइसकेकाले तथा केहीको शव पहिचान भइसकेकाले प्रदेश सरकारको तथ्यांक पनि क्रमशः अद्यावधिक हुँदै जाने देखिएको छ ।

अंग्रेजलाई...

विजयउत्सव भगवती रथजात्राको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनरायण आचार्य, प्रदेश सभामुख तुलाराम घर्तीमगर, वन वातावरण तथा पर्यटनमन्त्री तुलसीप्रसाद चौधरी, प्रतिनिधिसभा सदस्य माधव थापा, प्रदेसका पूर्व स्वास्थ्यमन्त्री खेमबहादुर सारु, नेपाली सेना तथा सरकारका उच्च पदस्थ व्यक्तिहरुले अवलोकन गरेका छन् । विरता, राष्ट्रियता र स्वाधिनतासंग जोडिएको विजयउत्सव भगवती रथजात्रा वि.स. १८७७ भाद्र कृष्ण नवमी देखी आजसम्म निरन्तर चल्दै आएको छ ।

नेपाल-अंग्रेज युद्ध र बुटवल जितगढी विजयको इतिहास

वि.स. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोटबाट सुरु गरेको एकीकरण अभियान वि.स.१८६१ मा पाल्पा सम्म पुगेपछि नेपालको सीमा पूर्वमा टिष्टा, पश्चिममा कांगडा र दक्षिणमा ब्रिटिस भारतसम्म फैलिएको थियो । नेपालको सिमाना विस्तारसँगै अंग्रेजसँग सम्बन्ध चर्किंदै गयो । गोर्खाले पाल्पालाई आफ्नो राज्यमा गाभेपछी पाल्पा राज्यका सेन शासकहरु भागेर भारत अंग्रेजको शरणमा पुगी पाल्पा आक्रमणका लागि उत्तेजित गराए । अंग्रेजहरूले सीमा विवाद उठाउँदै वि.स. १८७० मा नेपाललाई बुटवल, स्युराज (हाल कपिलवस्तु) र रौतहटका केही क्षेत्र खाली गर्न चेतावनी दियो । नेपालले बेवास्ता गरेपछि अंग्रेज फौज बुटवल र स्युराज क्षेत्रमा छिर्दै अस्थायी क्याम्प खडा गरे ।

वि.स. १८७१ जेठमा बुटवलमा युद्ध भयो र दुबैतर्फ केही क्षती भए पनि युद्धको छिनोफानो भएन, दुबै तर्फका फौज आ-आफ्नो तर्फतर्फ लागे । त्यसपछि अंग्रेजहरूले पश्चिम नेपाललाई काठमाडौंबाट अलग गर्ने योजना बनाए । वि.स. १८७१ कार्तिकमा पाल्पाका कमाण्डर सानो काजी अमरसिंह थापाको मृत्यु भयो । काजी अमरसिंह थापाको मृत्युपछि कर्णेल उजिरसिंह थापाले पाल्पाको नेतृत्व सम्हाले ।

वि.स. १८७१ कार्तिक १८ गते अंग्रेजी गभर्नर जनरल हेस्टिङ्सले नेपालसँग युद्ध घोषणा गरे । मेजर जनरल जोन सुलिभान उडको नेतृत्वमा ४ हजार फौज बुटवलतर्फ आयो । मंसिरमा अंग्रेज फौज तिनाउ नदी हुँदै बुटवल आए र अन्धाधुन्द रुपमा फायर खोले । सोही समयमा अग्रेजी फौजमाथी नेपाली फौजले कुनै प्रतिक्रिया जनाएन । नेपाली फौज बुटवल क्षेत्रमा नभएको सूचनाको आधारमा फर्किंदै गरेको अंग्रेज सेनामाथि गौडा कुरेर बसेका उजिरसिंह थापाको नेपाली फौजले घेरा हालेर आक्रमण गर्‍यो र पहिलो चरणमा नेपालले अंग्रेजमाथि विजय हासिल गरेको इतिहासमा उल्लेख छ ।

डेढ महिनापछि अंग्रेजले पुनः बुटवल कब्जा गर्ने योजना बनायो । वि.स. १८७२ बैशाखमा अंग्रेज फौजले ठूलो फौज, तोप र घोडचढीसहित बुटवल प्रवेश गरे । नेपाली फौजले तत्काल प्रतिकार नगरेपछि अंग्रेजले फौज नुवाकोट कब्जा गर्ने रणनीतिका साथ तिनाउ नदी तर्दै गर्दा जितगढी क्षेत्रबाट नेपाली फौजले अन्धाधुन्द आक्रमण गरी पुनः अंग्रेज सेना माथी विजय प्राप्त गरे । नेपाली फौजले अंग्रेज सेनालाई बुटवल जितगढी क्षेत्रबाटै भगाए ।

युद्धमा नेपालीतर्फका लेफ्टिनेन्ट अम्बर अधिकारी, कुम्भेदान वृषासुर थापा, जमदार भिमसेन देउडा, जमदार सुरविर वोहरा, हवल्दार रणसुर बानियाँ, सिपाही हंसविर अधिकारी, नकुल बानियाँ र जुठे बस्नेतलगायत नेपाली फौजले वीरगति प्राप्त गरे भने अंग्रेजतर्फ सयौँ सैनिक मारिएको इतिहासमा उल्लेख गरिएको छ ।

आधुनिक हातहतियारसहितको तालिम प्राप्त अंग्रेज सेनासंग घरेलु हातहतियारको आधारमा कुटनितिक तरिकाबाट तत्कालीन नेपाली सेनाले युद्ध जितेको थियो । पाल्पा नुवाकोट बुटवल जितगढी युद्धमा नेपालसंग हारेपछि अंग्रेज सेनाका कमाण्डर जनरल उड लाई अंग्रेज सरकारले कारबाही गरेको इतिहासमा उल्लेख रहेको छ । कमाण्डर कर्णेल उर्जिर सिंह थापाको नेतृत्वमा पाल्पा नुवाकोट बुटवल जितगढी क्षेत्रमा नेपाली सेनाको सुबुजगण, गरुवक्सगण, भवानीदल गण अग्रेजसंग युद्ध लडेका थिए ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, गुल्मी

प्रमाणित सम्बन्धमा ।

जो जससँग सम्बन्धित छ ।

प्रकाशित मितिः २०८३/०५/२१

गुल्मी जिल्ला साविक जुभुङ्ग गाविस वडा नं. ७, हाल गुल्मीदरबार गाउँपालिका वडा नं. २, निवासी भारतीय भु.पू.सै. नं. ५४४९३१३, एल नायक होम बहादुर रजाली २ / ५ जि. आर. को नागरिकतामा नाम थर होम बहादुर रजाली, जन्म मिति २०२३/४/२३ उल्लेख भएको, निजको भारतीय पेन्सन अभिलेखमा नाम थर होम बहादुर थापा, जन्म मिति सन् २३/०८/१९६५ भएको तथा निजको पत्नीको नागरिकतामा नाम थर कुली रजाली, जन्म मिति २०२५ / ३ / १२ उल्लेख भएको भारतीय पेन्सन अभिलेखमा नाम थर लाल कुमारी थापा, जन्म मिति सन् २८/१२/१९६७ भई फरक पर्न गएता पनि उल्लेखित फरक-फरक नाम थर र जन्म मिति गरेका व्यक्ति एउटै भएको भनी गुल्मीदरबार गाउँपालिका २ नं वडा कार्यालय, जुभुङ्ग, गुल्मीको चलानी नं. ८० मिति २०८३/०५/०९ को पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनार्थ सोही बेहोरा प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, गुल्मी

प्रमाणित सम्बन्धमा ।

जो जससँग सम्बन्धित छ ।

प्रकाशित मितिः २०८३/०५/२१

गुल्मी जिल्ला साविक जुभुङ्ग गाविस वडा नं. ५, हाल गुल्मीदरबार गाउँपालिका वडा नं. २, निवासी भारतीय भु.पू.सै. नं. ५२४४०४२, एल हवल्दार यम वहादुर बलाल २/३ जि. आर. को नागरिकतामा जन्म मिति २०१८/०५/१५ उल्लेख भएको, निजको भारतीय पेन्सन अभिलेखमा जन्म मिति सन् १६/०८/१९६१ भएको तथा निजको पत्नीको नागरिकतामा नाम थर मनमाया बलाल, जन्म मिति २०२४/०४/१३ भएको भारतीय पेन्सन अभिलेखमा नाम थर होम कली बलाल, जन्म मिति सन् १२/०३/१९६८ भई फरक पर्न गएता पनि उल्लेखित फरक-फरक नाम थर र जन्म मिति गरेका व्यक्ति एउटै भएको भनी गुल्मीदरबार गाउँपालिका २ नं वडा कार्यालय, जुभुङ्ग, गुल्मीको चलानी नं. ८१ मिति २०८३/०५/०९ को पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनार्थ सोही बेहोरा प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

भावपूर्ण श्रद्धाञ्जली एवं समवेदना

वि.स. जन्म :
२०२४/०८/१५

निधन:
२०८३ /०५/०९

स्व. वीरबहादुर बि.क.

यस रम्भा देवी सुनचाँदी पसल बुटवलका व्यवस्थापक तथा सुभेच्छुक धनबहादुर बि.क., किसन बि.क., गोविन्द बि.क. र शान्ति बि.क.का पूजनीय पिता, मीनाकुमारी बि.क.का श्रीमान तथा आरति बि.क.का श्रद्धेय ससुरा बुवा बुटवल उप-महानगरपालिका -११, प्रधान पथ निवासी स्व.वीरबहादुर बि.क.को यही मिति २०८३/०५/०९ गते मंगलबारका दिन ५९ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएको खबरले हाम्रो यस रम्भा देवी सुनचाँदी पसल बुटवल परिवार स्तब्ध र मर्माहत भएका छौं । शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामनासहित शोक सन्तप्त परिवारजनप्रति ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्रो.
रामप्रसाद कालिराज
(एवं)
रम्भा देवी सुनचाँदी पसल, परिवार
अमरपथ-४, बुटवल

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

चार सांसदमाथि जसपाको कारबाही :

लुम्बिनी प्रदेश सरकार धरापमा ?

अब मुख्यमन्त्रीले फेरि विश्वासको मत लिएर बहुमत सिद्ध गर्नुपर्ने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले बताएको छ।

बुटवल। जनता समाजवादी पार्टी (जसपा) नेपालले लुम्बिनी प्रदेशसभाका आफ्ना चार जना सांसदलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारवाही गरेपछि प्रदेश सरकार धरापमा परेको छ। पार्टीले चारजना सांसदलाई निश्कासन गरेको जानकारीसहितको पत्र प्रदेशसभा सचिवालयमा पठाएपछि सभामुखले त्यसको जानकारी प्रदेशसभामा गराउनुपर्ने हुन्छ।

निष्कासित हुनेहरूमा लुम्बिनी प्रदेश सांसदहरू सन्तोषकुमार पाण्डे, हेमा बेल्बासे केसी, भण्डारीलाल अहिर र आदेशकुमार अग्रवाल हुन्। उनीहरु मध्ये पाण्डे सहरी विकास ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्री र अहिर आन्तरिक मामिला कानुन उद्योग तथा यातायात मन्त्री छन्। अग्रवाल पूर्व मन्त्री हुन्।

दुईजना मन्त्रीसहित सत्ता पक्षका चार सांसदहरु पदमुक्त भएको जानकारी सभामुखले गराएको अवस्थामा मुख्यमन्त्री चेतनारायण आचार्यले गत भदौ १ गते पाएको विश्वासको मतमाथि प्रश्न उठ्ने कानूनका जानकारहरु बताउँछन्।

भदौ १ गते मुख्यमन्त्री आचार्यले पेस गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ४५ मत पाएका थिए। ८३ सदस्यीय कायम रहेको प्रदेश सभामा सरकारलाई वहुमत सिद्ध गर्न ४२ मत आवश्यक थियो। ८३ सांसद मध्ये सत्ता पक्ष नेकपाकी एकजना सांसद विदेशमा रहेकाले अनुपस्थित भएकी थिइन्। उनी उपस्थित हुंदा ४६ मत हुन्थ्यो। सभामुखसहित ८३ सांसद मध्ये मुख्यमन्त्री आचार्यलाई एमालेका २९, नेकपाका १२ मध्ये ११, जसपा नेपालका ५ मध्ये चार जना र राष्ट्रिय जनमोर्चाकी एक सांसदले मत दिएका थिए। जसपाकी अम्बिका काफ्ले विश्वासको मतको मतदान प्रकृयामा सहभागी भएकी थिइनन्। उनी पार्टी केन्द्रको निर्णयको पक्षमा थिइन्।

तर यसबीचमा साविक नागरिक उन्मुक्ति पार्टी हाल नेकपामा समाहित दुई जना सांसद राजकुमार चौधरी र ले मन्त्रिमण्डल विस्तारमा असन्तुष्टी जनाउँदै प्रतिपक्षी बेन्चमा बस्न सभामुखलाई निवेदन दिएका छन्।

चार सांसद कारवाहीमा परेका र सत्ता पक्षकै दुई जना सांसदले विपक्षी बेन्च माग गरेको अवस्थामा मुख्यमन्त्री आचार्यले पाएको विश्वासको मतमाथि नैतिक र कानूनी प्रश्न उठेकाले अब उनले पुनः विश्वासको मत लिनुपर्ने नेपाली कांग्रेसकी सचेतक निमा गिरीले बताइन्। 'अब मुख्यमन्त्रीले फेरि विश्वासको मत लिएर वहुमत सिद्ध गर्नुपर्छ,' गिरीले भनिन्-'उहाँले बहुमत सिद्ध गर्न नसके नेपाली कांग्रेसले सरकारको नेतृत्व लिन पहलकदमी लिनुपर्ने हुन्छ।'

अधिवक्ता महेन्द्र पाण्डेयले पनि मुख्यमन्त्री चेतनारायण आचार्यले विश्वासको मत लिनुपर्ने बताउँछन्। जसपा नेपालले पार्टीबाट निश्कासन गरेका चार सांसद अदालत जान सक्ने, तर मुख्यमन्त्रीले पुनः विश्वासको मत सिद्ध गर्नुपर्ने अधिवक्ता पाण्डेयको तर्क छ। सत्ता पक्षकै एक सांसदले भदौ १ गते लिएको विश्वासको मत खण्डित भइसकेकाले मुख्यमन्त्री आचार्यमाथि नैतिक प्रश्न उठेकाले पुनः विश्वासको मत लिएर वहुमत पुष्टी गर्नुको विकल्प नभएको बताउँछन्।

कारबाहीमा परेका सांसदहरूको पद रिक्त गर्न प्रदेश सभामा छिट्टै पत्राचार गरिने जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले बताए। प्रदेशसभामा एमाले, नेकपासँगै जसपा नेपाल, राजमो सत्तारुढ थिए भने कांग्रेस र जनमत विपक्षमा छन्। राप्रपा भने तटस्थ छ।

जसपाका चार सांसदले विश्वासको मत नदिएको भए भदौ १ गते मुख्यमन्त्री आचार्यको पक्षमा बहुमत नजुट्ने निश्चित थियो।

तिनाउमा पौने दुई अर्बको 'सिग्नेचर ब्रिज' बनाउने ठेक्का चिनियाँ कम्पनीलाई

लुम्बिनी संवाददाता

बुटवल

बुटवलको तिनाउ नदीमाथि आधुनिक तथा आकर्षक 'सिग्नेचर ब्रिज' निर्माणको ठेक्का सम्झौताको प्रक्रिया अघि बढेको छ। सडक विभागअन्तर्गत विकास सहयोग कार्यान्वयन महाशाखाले सार्वजनिक गरेको ठेक्का अवार्ड सूचनाअनुसार चिनियाँ कम्पनी एम/एस आनहुइ सिजियान होल्डिङ ग्रुप लि।पुल निर्माणको लागि छनोट भएको छ।

विभागले ३ सेप्टेम्बर २०२६ मा जारी गरेको ठेक्का अवार्ड सूचना अनुसार कम्पनीले भ्याट तथा पीएससहित १ अर्ब ७० करोड ५२ लाख ९५ हजार ५९२ रुपैयाँ ५७ पैसामा ठेक्का पाएको छ। निर्माण अवधि तीन वर्ष र त्यसपछि पाँच वर्षको 'डिफेक्ट नोटिफिकेसन पिरियड' गरी परियोजनाको कुल अवधि आठ वर्ष तोकिएको प्रोजेक्ट डाइरेक्टर अर्जुनप्रसाद अर्यालले जानकारी दिए।

यो ठेक्का बुटवल-गोरुसिङ्गे सडकखण्डअन्तर्गत तिनाउ नदीमा रहेको पुरानो पुलको माथिल्लो तथा तल्लो भागमा नयाँ पुल र पहुँच सडक निर्माण गर्ने उद्देश्यले भएको हो। विभागको सूचनाअनुसार पुलको लम्बाइ करिब २४० मिटर हुनेछ भने दुवैतर्फको पहुँच सडकको लम्बाइ न्यूनतम ९८० मिटर रहनेछ। संरचना दुईतर्फी अर्थात् ट्विन क्यारिजवे अवधारणामा निर्माण हुनेछ। प्रोजेक्ट डाइरेक्टर अर्यालले चिनिया कम्पनीलाई ठेक्का सम्झौताका लागि सूचना निकालेर आह्वान गरिसकिएको र सम्झौता भएपछि काम अघि बढ्ने बताए।

तिनाउको सिग्नेचर ब्रिज बुटवलको दीर्घकालीन पूर्वाधार योजनामध्ये महत्वपूर्ण आयोजना हो। यसको अवधारणा अघि बढाउने क्रममा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले एक दशक अघिदेखि विशेष पहल गरेका थिए।

पौडेल अर्थमन्त्री रहेका बेला राजमार्गमा परम्परागत पुलको सट्टा आधुनिक, आकर्षक र पर्यटकीय महत्वसमेत बोकेका 'सिग्नेचर ब्रिज' निर्माण गर्ने सोच अघि सारिएको थियो।

सरकारले विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा नारायणी र तिनाउसहित विभिन्न स्थानमा यस्ता पुल निर्माण गर्ने कार्यक्रम अघि बढाएको थियो। आर्थिक वर्ष २०८०/८१ को बजेटमा समेत नारायणी र तिनाउ नदीमा सिग्नेचर ब्रिज निर्माण सुरु गर्ने घोषणा गरिएको थियो।

तत्कालीन अर्थमन्त्री पौडेलले आयू पुग्न थालेको तिनाउ पुललाई विस्थापित गरी सोही स्थानमा बुटवलको नयाँ पहिचान र पर्यटनसँग जोडिने आधुनिक पूर्वाधारका रूपमा सिग्नेचर ब्रिज बनाउने चुनावी प्रतिबद्धतापत्रमा उल्लेख गरेका थिए। विशेषगरी पुल आसपास रहेको ऐतिहासिक जितगढी किल्लालाई समेत पर्यटनसँग जोड्ने उद्देश्यसहित यसको परिकल्पना गरिएको हो।

प्रोजेक्ट डाइरेक्टर अर्जुनप्रसाद अर्यालका अनुसार सिग्नेचर ब्रिज सामान्य पुलभन्दा फरक हुन्छ। शहर वा कुनै क्षेत्रको पहिचान बन्ने गरी विशेष वास्तुकला, आकर्षक डिजाइन र आधुनिक इन्जिनियरिङ प्रयोग गरेर निर्माण गरिएको 'आइकोनिक' पुललाई सिग्नेचर ब्रिज भनिन्छ।

सिग्नेचर ब्रिजको डिजाइन ठेक्का पाएको कम्पनीले नै बनाउने छ। यस्ता पुलको उद्देश्य नदी वारपार गर्ने सुविधासंगै शहरको ल्यान्डमार्क, पर्यटकीय आकर्षण र आधुनिक पूर्वाधारको प्रतीक बन्ने गरी डिजाइन गरिन्छ। नेपालमा पनि यस्ता पुललाई 'आइकोनिक ब्रिज'का रूपमा वर्गीकरण गरिएको छ। तिनाउको प्रस्तावित पुल पनि यही अवधारणामा आधारित रहेको प्रोजेक्ट डाइरेक्टर अर्जुनप्रसाद अर्यालले बताए। 'आकर्षक र आधुनिक डिजाइनले बुटवलको पर्यटन सम्भावनालाई एउटै संरचनामा जोड्ने सिग्नेचर ब्रिजको विशेषता हो,' अर्यालले भने-'पुरानो पुलको विकल्प मात्रै होइन,यसले बुटवलको परिचय र पहिचान नै बदल्न सक्छ।'

ठेक्का सूचनाले अब आयोजना आफ्नो ड्रिम प्रोजेक्टमा सीमित नरही निर्माणको चरणमा प्रवेश गरेको पुर्व अर्थमन्त्री पौडेलले बताए। 'वर्षौंदेखि बुटवलमा चर्चामा रहेको तिनाउको सिग्नेचर ब्रिज निर्माणको सपनाले सार्थकता पाउने विन्दुमा आएको छ'-पौडेलले भने।

तस्वीर : प्रतिकात्मक।

२४औँ लिस्नु नकआउट फुटबलमा ६ जिल्लाका १२ टिम भिड्दै

बुटवल। रुपन्देहीको तिलोत्तमा नगरपालिका-१५ कोटिहवामा भदौ ३१ गतेदेखि असोज ११ गतेसम्म २४औँ लिस्नु नकआउट फुटबल प्रतियोगितामा हुने भएको छ। लिस्नु युवा क्लबको आयोजनामा सञ्चालन हुने प्रतियोगितामा रुपन्देही, चितवन,स्याङ्जा, पश्चिम नवलपरासी, पाल्पा र कपिलवस्तुबाट १२ टिमको सहभागिता रहने आयोजकले शनिबार पत्रकार सम्मेलन गरी जानकारी गराएका छन्।

तिलोत्तमा नगरपालिका-१५ वडा कार्यालयको मुख्य प्रायोजनमा हुने प्रतियोगिता सोही वडाको पशुपति माध्यमिक विद्यालयको प्राङ्गणमा सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले ३ लाख ५१ हजार १ सय ११ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। उप-विजेताले २ लाख १ हजार १ सय ११ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ। त्यस्तै उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, सर्वाधिक गोलकर्ता र उदयमान खेलाडीलाई जनही ११ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक रोमन गुरुङले जानकारी दिए। यस्तै प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई ५ हजार रुपैयाँ पुरस्कार दिइने र प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने उनले बताए। लिस्नु युवा क्लबका अध्यक्ष तीर्थराज मल्लले प्रतियोगितालाई विगतका संस्करणभन्दा थप व्यवस्थित र स्तरीय बनाउने तयारी भइरहेको बताए।

'लिस्नु नकआउट फुटबल प्रतियोगिता हाम्रो क्लबको मात्रै कार्यक्रम नभएर तिलोत्तमाको फुटबल पहिचानसँग जोडिएको प्रतियोगिता हो। यसपटक खेलाडी र दर्शक दुवैलाई उत्कृष्ट वातावरण दिने गरी तयारी गरिरहेका छौं।'-उनले भने। प्रतियोगिताका खेल संयोजक रोमन गुरुङले स्थानीय तथा राष्ट्रियस्तरमा सम्भावना बोकेका खेलाडीलाई आफ्नो क्षमता देखाउने अवसर प्रदान गर्नु प्रतियोगिताको मुख्य उद्देश्य रहेको बताए। प्रतियोगितामा एक टिममा दुई जना मात्र विदेशी खेलाडी राख्न पाइने नियम रहेको उनले जानकारी दिए।

मुख्य प्रायोजक तिलोत्तमा-१५ का वडा अध्यक्ष खेमराज गुरुङले युवालाई खेलकुदतर्फ आकर्षित गर्न र स्थानीय खेलकुदको विकासका लागि वडा कार्यालयले आर्थिक सहयोगलाई प्राथमिकतामा राखेको बताए। "युवाको ऊर्जा सकारात्मक क्षेत्रमा प्रयोग गर्न खेलकुद महत्वपूर्ण माध्यम हो। लिस्नु नकआउट प्रतियोगिताले वडा मात्र होइन, तिलोत्तमाकै खेलकुद गतिविधिलाई उचाइमा पुऱ्याउने विश्वास लिएका छौं। त्यसैले प्रतियोगिता सफल बनाउन वडा कार्यालयको निरन्तर सहयोग रहनेछ।"-उनले भने।

प्रतियोगितामा आयोजक लिस्नु युवा क्लब,झरना स्पोर्टस् क्लब तिलोत्तमा कुञ्जलापुर, फर्साटिकर एफसी फर्साटिकर, मोन्स्टर गाइज सुनवल, सम्पूर्ण युवा क्लब तिलोत्तमा-१४, सुपौली, फुलबारी गाइज बुटवल, नवयुवा खेलकुद तथा सांस्कृतिक परिवार ठुटिपिपल, देवदह ब्वाइज खैरेनी, होइराइजन क्लब वालिङ, स्याङ्जा, पाल्पा-११ तानसेन, सूर्यपुर एफसी चितवन र कपिलवस्तु-११ सहभागी हुनेछन्। आयोजकका अनुसार प्रतियोगिता ९ ए-साइड ढाँचामा सञ्चालन हुनेछ। खेललाई व्यवस्थित बनाउन जिल्ला फुटबल संघबाट निर्णयक टोली आमन्त्रण गरिएको छ भने खेल फिफाको नियमअनुसार सञ्चालन गरिनेछ।

प्रतियोगितामा सहभागी सम्पूर्ण खेलाडीको खेल अवधिभरका लागि रु. १ लाखको दुर्घटना बीमा गरिने आयोजकले जनाएको छ। रुपन्देहीबाहिरका जिल्लाबाट सहभागी हुने टोलीलाई आयोजकले एकतर्फी सवारी भाडा उपलब्ध गराउने जनाएको छ। विगतमा करिब ५ सय जना दर्शकलाई प्याराफिटमा राखेर खेल हेर्ने व्यवस्था गरिएकोमा यस वर्ष करिब ३ हजार दर्शकले खेल अवलोकन गर्ने अपेक्षा गरिएको छ। त्यसलाई मध्यनजर गर्दै दर्शक व्यवस्थापन र सुरक्षाको व्यवस्था मिलाइने आयोजकको भनाइ छ। प्रतियोगिताबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य रवि सेन्चुरी,क्लबका सल्लाहकार बसन्त रोका क्षेत्री, खेलकुद पत्रकार मञ्चका सुमन अधिकारी,क्लबका सचिव मनोज क्षेत्रीलगायतले आफ्ना भनाई राखेका थिए।

बिरुवा र पुतलीबजारले ५८ लाख सहयोग गर्ने

प्रकाश डोटेल

स्याङ्जा

स्याङ्जाको बिरुवा गाउँपालिका र पुतलीबजार नगरपालिकाले ५८ लाख रुपैयाँ भन्दा बढी रकम सहयोग गर्ने भएका छन्। रसुवा, नुवाकोट र धादिङलगायत जिल्लाका बाढीपीडितको उद्धार तथा राहतका लागि दुई स्थानीय तहले ५८ लाख १४ हजार ९४३ रुपैयाँ सहयोग गर्ने भएका हुन्।

सहयोगअर्न्तगत बिरुवा गाउँपालिकाले ३० लाख ७५ हजार ५८ रुपैयाँ सहयोग गर्ने भएको छ भने पुतलीबजार नगरपालिकाले २७ लाख ३९ हजार ८५८ रुपैयाँ सहयोग गर्ने भएको हो।

बिरुवा गाउँपालिकाको निर्णयअनुसार स्थानीय विपद् व्यवस्थापन कोषबाट पाँच लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप राहत तथा उद्धार कोषमा जम्मा गरिने भएको छ। यस्तै, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिको सेवा सुविधाबाट १० दिन बराबरको दुई लाख तीन हजार ४५० रुपैयाँ सहयोग गरिने गाउँपालिकाले जनाएको छ।

त्यसैगरी अधिकृतस्तरका कर्मचारीको ७ दिन, सहायकस्तरका कर्मचारीको पाँच दिन तथा श्रेणीविहीन कर्मचारीको दुई दिन बराबरको तलबबाट चार लाख ९९ हजार ६४५ रुपैयाँ जम्मा गरिने भएको छ। त्यस्तै गाउँपालिकाभित्रका सम्पूर्ण शिक्षकको पाँच दिन र बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको दुई दिन बराबरको तलबबाट १८ लाख ७१ हजार ९६३ रुपैयाँ सहयोग गरिने गाउँपालिकाले जनाएको छ।

पुतलीबजार नगरपालिकाले भोटेकोसी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावितका लागि निर्वाचित जनप्रतिनिधिले पाउने मासिक सेवा सुविधाबाट नगरप्रमुख र उपप्रमुखले १५/१५ दिनको, वडाध्यक्ष तथा कार्यपालिका सदस्यले १०/१० दिनको र वडा सदस्यले आफ्नो सेवा सुविधाबाट जनही चार हजार पाँच सय रुपैयाँका दरले तीन लाख ८८ हजार ७५० रुपैयाँ सहयोग गर्ने भएका छन्।

त्यस्तै, नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारीको दुई/दुई दिन, राजपत्र अनंकित वा सोसरहका कर्मचारीको पाँच/पाँच दिन र राजपत्रांकित तृतीय तथा द्वितीय श्रेणी वा सोसरहका कर्मचारीको सात/सात दिनको तलबबाट १२ लाख ५१ हजार १०८ रुपैयाँ सहयोग गरिने भएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले ११ लाख रुपैयाँ बराबरको वस्तुगत सहयोग समेत गर्ने निर्णय गरेको छ। उक्त रकमबाट दैनिक उपभोग्य सामग्री खरिद गरी बाढीपीडितलाई उपलब्ध गराइने नगरपालिकाले जनाएको छ। बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग रकम उपलब्ध गराउन लागिएको स्थानीयले तहले जनाएका छन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-8, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

प्रो. विष्णु प्रसाद सुनार
9821927515
9817599399
नव श्री गणपति ज्वेलर्स
सि.न.पा.-१३, बैंकरोड
(नेपाल राष्ट्र बैंकको पुरानो गेट अगाडि)
हाम्रो सेवा
रेडीमेड आधुनिक गरगहनाका डिजाइनहरु उपलब्ध छ।
अर्डर अनुसार अनुभवी कारीगरद्वारा गरगहना बनाईन्छ।
शुद्धताको ग्यारेन्टी र उचित मुल्यमा उपलब्ध गराईन्छ।
हामी कहाँ आधुनिक डिजाईनका गरगहना तयारी तथा
अर्डर अनुसार अनुभवी कारीगरद्वारा बनाईन्छ। साथै ग्यारेन्टी र सुपथ मुल्यमा पाईन्छ।
ठेगाना
सि.न.पा.-१३, बैंकरोड
(नेपाल राष्ट्र बैंकको पुरानो गेट अगाडि)
विश्वासनीयता हाम्रो पहिचान
सम्पर्क नं.
9821927515
9817599399

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com